१६. महाकुलुङ गाउँपालिका पर्यटकिय क्षेत्र भएको हुनाले आकर्षणको लागि पुष्प व्यवसायमा प्रोत्साहन गरिनेछ सोही उत्पादनले निर्यात गरिने महंगो खदा जस्ता सामाग्रीहरुलाई प्रतिस्थापन गराईनेछ ।

*स्वास्थ्य तर्फः*

१) **"गुणस्तरिय सेवा हाम्रो प्रतिवद्धता, स्वास्थ्य विमा आजको आवश्यकता" भन्ने मुल नाराका साथ** स्वास्थ्य विमा अनिवार्य गरि महाकुलुङ प्राथमिक अस्पतालवाट सेवा प्रारम्भ गरिनेछ । स्वास्थ्य विमा सञ्चालन गर्न विउ पुजीको व्यवस्था गरेको छु ।

२) १५ बेडको महाकुलुङ प्राथमिक अस्पताल, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु र सामुदायिक स्वास्थ्य इकाई नयाँ र पुरानाहरुका लागि स्वास्थ्य र सरसफाई ऐन, २०७५ तथा अन्य कार्यविधि अनुसार तोकिएका दरवन्दिहरुमा चिकित्सक तथा स्वास्थ्यकर्मिहरुको व्यवस्था गरी २४ सै घण्टा गुणस्तरीय सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको रुपमा विकसित गरिनेछ ।

३) ७० वर्षका जेष्ठ नागरिक, ६० वर्षका दलित जेष्ठ नागरिकहरु, **क वर्गका फरक क्षमता भएका व्यक्तीहरुका** लागि तथा गर्भवती महिलाका लागि पालिका भित्र निःशुल्क एम्बुलेन्स व्यवस्था गर्ने व्यवस्था मिलाएको छु ।

४) महाकुलुङ गाउँपालिकामा रहेका ६० वर्ष नाघेका जेष्ठ नागरिकहरु र गरिव तथा असाय, विपन्न नागरिकका लागि महाकुलुङ प्राथमिक अस्पतालले **संचित कोष** खडा गरि अनिवार्य १० प्रतिशत प्रतिवेड रकम जम्मा गर्नु पर्ने र उक्त रकमवाट माथि उल्लेखित नागरिकको उपचार गर्ने व्यवस्था मिलाएको छु ।

५) आकस्मिक उपचारको लागि गाउँपालिकामा एम्बुलेन्स तैनाथी अवस्थामा राखिने छ । हरेक वडालाई एम्बुलेन्स सेवाको पहुँचमा राखिनेछ । पालिका भित्रका स्वास्थ्य संस्थाहरु (बर्थिङ सेन्टर)मा सुत्केरीहरुको उपचार सम्भव नभएर काठमाण्डौं वा अन्यन्त्र लैजानु पर्ने अवस्थामा तुरुन्तै राष्ट्रपति राहत कोषवाट हेलिकप्टर व्यवस्थापन गरि नागरिकको सुरक्षा गरिनेछ ।

६) **"गर्भवती देखि शिशुसम्म, अवको लगानी पोषणमा" भन्ने मुल नाराका साथ १००० दिनका आमाहरुलाई लक्षित गरि पोषण कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।**

७) संभावित महामारी प्रभावलाई न्यूनीकरण गर्नको लागि र यसको सामना गर्न अक्सिजन सिलिन्डर, कन्सनट्रेटर तथा स्वास्थ्य सामग्री सहित स्वास्थ्य चौकीहरुलाई सुविधायुक्त बनाइनेछ । स्वास्थ्य चौकीहरुमा क्वारेन्टाइन तथा आइसोलेसन वेडसहितको कक्षहरु व्यवस्था गरिनेछ भने स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्रीहरु समेत तयारी अवस्थामा राखिनेछ ।

८) सुत्केरी तथा वालवालिकाहरुलाई लक्षित गरि पोषण **"कोशेली कार्यक्रम"** संचालन गरिने छ भने स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाहरुको ८ पटक गर्भ जाँच र निःशुल्क क्याल्सियम तथा साबुन वितरण गर्ने र सुत्केरीहरुको जाँचका लागि नर्सिङद्धारा घरैमा ४ पटक नियमित स्वास्थ्य परिक्षण तथा उपचारको व्यवस्था मिलाईने छ ।

९) बालबालिका, गर्भवती महिला र अन्य बिरामीहरुको स्वास्थ्य परीक्षणका लागि प्रत्येक वडा तहमा नै दन्त, आँखा, प्रयोगशाला सेवा ,गर्भवती महिलाका लागि ग्रामिण भिडियो एक्सरे सेवा सहित चिकित्सक सहितको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईनेछ ।

१०) गाउँपालिकामा वसोवास गर्ने विपन्न नागरिकका लागि **विपन्न नागरिक उपचार कोष** मार्फत **नागरिक उपचार सहयोग कार्यक्रम** सञ्चालन गरिनेछ ।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अध्यक्ष
महाकुलुङ गाउँपालिका

